## विदेश सचिवको नेपाल भ्रमण

(२०७७ मंसीर ११–१२)

मंसीर ८

भारतीय विदेश सचिव श्री हर्षवर्धन श्रृंगलाले यही मंसीर ११–१२ मा नेपालको औपचारिक भ्रमण गर्नु हुनेछ। विदेश सचिव श्रृंगलाले कार्यभार सम्हालेपश्चात नेपालका लागि उहाँको यो पहिलो भ्रमण हो।

यो भ्रमण भारतको नेपालसँगको सम्बन्धको प्राथमिकता र दुई देशबीचको नियमित उच्चस्तरीय आदानप्रदानको निरन्तरता अनुरुप रहेको छ। भ्रमणको क्रममा विदेश सचिवले आफ्नो समकक्षी र अन्य विशिष्ट नेपाली अधिकारीहरुलाई भेटेर दुई देशबीच विस्तृत द्विपक्षीय सहयोगको बारेमा छलफल गर्नु हुनेछ।

नेपालसँग भारतको ऐतिहासिक तथा मानव सभ्यताका कडीहरु जोडिएको छ। हालका वर्षहरुमा भारतको सहयोगमा कैयौं प्रमुख पूर्वाधार तथा अन्तरदेशीय कनेक्टिभिटि परियोजनाहरु सम्पन्न हुनुका साथै द्विपक्षीय सहयोग सुदृढ भएको छ। भारत र नेपालबीच रहेको द्विपक्षीय सम्बन्धलाई अझ अघि बढाउन यो भ्रमण निकै नै महत्वपूर्ण हुनेछ।

नयाँ दिल्ली

२०७७ मंसीर ८